सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक


विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १६५ ♦ २०८२ साल फागुन ६ बुधवार ♦ 18 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## १० वर्षदेखि अलपत्र पुलको ठेकेदार रास्वपाका उम्मेदवार



खबर दर्पण समाचारदाता

**फागुन ५ गते, बर्दिवास**

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा विकास र समृद्धिको नारासहित धनुषा-१ का उम्मेदवार किशोरी साह 'कमल' जनतासामु मत मागिरहेका छन्। उनले समृद्धि र विकासको नारासहित जनताको घरदैलोमा मत मागिरहँदा उनको कम्पनीले भने १० वर्षअघि कबोल गरेका निर्माण योजनाहरू अलपत्र छाडेका छन्।

धनुषाको जलाद नदीमा पुल सुरु भएको ९ वर्षभन्दा बढी भइसक्यो। दुई वर्षमै सकिने गरी छिरेश्वरनाथ नगरपालिका-७ र ९ तथा मिथिला मध्यमा परिक्रमा सडकअन्तर्गत जलाद खोलाको पुल निर्माण थालिएको हो। तर, पुल अलपत्र छ। धनुषाको

*बाँकी पृष्ठ ३ मा*

## प्रधानमन्त्रीका आकांक्षीलाई कांग्रेसको चुनौती : दम छ भने गगन थापासँग खुला बहस गर

खबर दर्पण समाचारदाता

**फागुन ५ गते, बर्दिवास**

नेपाली कांग्रेसका मधेस प्रदेश सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादवले अन्य प्रधानमन्त्रीका आकांक्षीहरूलाई कांग्रेस सभापति तथा प्रधानमन्त्रीका उम्मेदवार गगनकुमार थापासँग खुला संवाद गर्न चुनौती दिएका छन्।

मंगलबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै यादवले नेपाली कांग्रेस जुनसुकै राजनीतिक चुनौतीको सामना गर्न तयार रहेको भन्दै सबै दलका प्रधानमन्त्रीका उम्मेदवारहरूलाई सार्वजनिक बहसका लागि आह्वान गरेका हुन्।





यादवले प्रधानमन्त्री पदको दाबी गर्ने जोकोहीले पनि गगन थापासँग एउटै मञ्चमा उभिएर भिजनका बारेमा संवाद गर्नुपर्ने बताए। 'यदि कसैले आफूलाई प्रधानमन्त्रीको योग्य उम्मेदवार ठानेको छ भने कांग्रेसका प्रधानमन्त्री उम्मेदवार गगन थापासँग खुला संवाद गरोस्,' यादवले भने, 'हामी सबै दलका उम्मेदवारहरूलाई सार्वजनिक बहसका लागि निम्तो दिन चाहन्छौं।' उनले कांग्रेसले अबको नेतृत्वका लागि स्पष्ट भिजन अघि सारेको दाबी समेत गरे।

यसैबीच, नेपाली कांग्रेसले भोलि बुधबार मधेस प्रदेशको धनुषाबाट आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्ने भएको छ। कांग्रेसले यसपटक घोषणापत्रलाई 'प्रतिज्ञापत्र' को नाम दिएको छ, जुन 'भिजन १०' को थिममा आधारित रहेको यादवले जानकारी दिए। उनले धनुषामा हुने विशेष सभामा सहभागी भई शीर्ष नेताहरूको सम्बोधन सुन्न र मुलुक निर्माणको जिम्मेवारी बोध गर्न सबै नागरिकलाई अपिल गरेका छन्।

## जनकपुरधाममा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको भव्य शुभारम्भ, मैथिली भाषालाई कामकाजी बनाउने प्रतिबद्धता

खबर दर्पण समाचारदाता

**फागुन ५ गते, जनकपुरधाम**

मैथिली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यसहित जनकपुरधाममा मंगलबारदेखि चारदिने 'जनकपुरधाम साहित्य, कला तथा अन्तर ाष्ट्रिय नाट्य महोत्सव २०८२' सुरु भएको छ ।

मैथिली विकास कोषको आयोजना तथा मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिका र राजर्षि जनक विश्वविद्यालय लगायतका निकायको सह-आयोजनामा महोत्सवको शुभारम्भ गरिएको हो ।

महोत्सवको उद्घाटन गर्दै मधेश

*बाँकी पृष्ठ ३ मा*





# 'आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड' धनुषाका दुई विद्यार्थीलाई

खबर दर्पण समाचारदाता

**फागुन ४ गते, धनुषा**

धनुषाको एउटै वडाका दुई जना विद्यार्थी अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित क्याम्ब्रिज शिक्षार्थी पुरस्कारबाट सम्मानित भएका छन् ।



औरही गाउँपालिका-२ का आशिष मिश्र र सोही वडाका अभिषेक यादवले क्याम्ब्रिज इन्टरनेशनल ए-लेभल २०२४ परीक्षामा नेपालमै सर्वाधिक अंक हासिल गर्दै 'आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड' प्राप्त गरेका हुन् ।

केमिस्ट्री विषयमा उत्कृष्ट नतिजा ल्याएका मिश्र र फिजिक्समा सर्वाधिक अंक हासिल गरेका यादवलाई मंगलबार काठमाडौंमा आयोजित विशेष समारोहमा British Council ले औपचारिक रूपमा सम्मान गरेको हो ।

क्याम्ब्रिज ए-लेभल कार्यक्रम विश्वका १०६ देशमा सञ्चालन हुँदै आएको छ । यसअन्तर्गत उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रत्येक वर्ष सम्मान गरिन्छ ।

धनुषाको औरही गाउँपालिका-२ बाट एकै वर्ष दुई विद्यार्थीले फरक-फरक विषयमा राष्ट्रिय शीर्ष स्थान हासिल गर्नु स्थानीय समुदायका लागि गौरवको विषय बनेको छ ।

विद्यालयस्तरदेखि नै उत्कृष्ट शैक्षिक प्रदर्शन गर्दै आएका दुबै विद्यार्थीको सफलताले मधेश प्रदेशकै शैक्षिक वातावरणलाई सकारात्मक पहिचान दिएको सरोकारवालाहरू बताउँछन् ।

१९ वर्षीय आशिष मिश्र यसअघि पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई प्रतिनिधित्व गरि सकेका छन् ।

२०२५ अप्रिल २१ देखि २६ तारिखसम्म Turkmenistan को शिक्षा मन्त्रालयद्वारा आयोजित दोस्रो अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा उनले कास्य पदक जितेका थिए ।

उक्त प्रतियोगितामा नेपाली विद्यार्थीको सहभागिता पहिलोपटक भएको थियो ।

त्यसपछि, ९ जुलाईदेखि २१ जुलाई २०२५ सम्म Australia मा आयोजित ६६औं अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा समेत मिश्रले सहभागिता जनाएका थिए ।

लगातार अन्तर्राष्ट्रिय मञ्चमा उपस्थिति जनाउँदै आएका मिश्रले अध्ययनमा असाधारण क्षमता देखाउँदै आएका छन् । शैक्षिक उत्कृष्टताकै आधारमा मिश्रले अमेरिकाको राजधानी वाशिङ्टन डीसीस्थित ज्यधबचम ग्लष्खभचकष्तथ मा इन्जिनियरिङ अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्राप्त गरेका छन् ।

अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालयमा पूर्ण छात्रवृत्ति हासिल गर्नु आफैंमा ठूलो उपलब्धि मानिन्छ ।

फिजिक्स विषयमा नेपालमै सर्वाधिक अंक ल्याएर सम्मानित भएका अभिषेक यादवले पनि आफ्नो मेहनत र निरन्तर अभ्यासका कारण यो सफलता हासिल गरेको बताइएको छ ।

विज्ञान विषयप्रति गहिरो रुचि राख्ने यादवले आगामी दिनमा उच्च अध्ययन तथा अनुसन्धानतर्फ अघि बढ्ने लक्ष्य राखेका छन् ।

दुबै विद्यार्थीको सफलताले औरही गाउँपालिका-२ सहित सम्पूर्ण धनुषा जिल्लामा खुशीको माहोल छाएको छ ।

स्थानीय अभिभावक, शिक्षक तथा जनप्रतिनिधिहरूले यस उपलब्धिलाई जिल्लाको शैक्षिक इतिहासमा महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक परिवेशमा मधेशका विद्यार्थीले देखाएको यो सफलता भविष्यका लागि प्रेरणादायी उदाहरण बनेको छ ।

मेहनत, लगनशीलता र दृढ लक्ष्यका साथ अघि बढे अन्तर्राष्ट्रिय मञ्चमा समेत उत्कृष्टता हासिल गर्न सकिन्छ भन्ने सन्देश यी दुई युवाले दिएका छन् ।

# गगनले कार्यकर्तालाई सुझाए बदलिएको कांग्रेसले भन्नुपर्ने चार कुरा



खबर दर्पण समाचारदाता

**फागुन ५ गते, बर्दिवास**

नेपाली कांग्रेसका सभापति गगन थापाले कांग्रेस बदलिएको दाबी गर्दै त्यो सन्देश जनतासम्म पुऱ्याउन कार्यकर्तालाई सुझाएका छन् । मंगलबार राति एक भिडिओ वक्तव्य जारी गर्दै सभापति थापाले भोट माग्न जाँदा बदलिएको कांग्रेसबार भन्नुपर्ने मुख्य चार कुरा कार्यकर्तालाई सुझाएका हुन् ।

'कांग्रेस बदलिएको भन्नुको अर्थ के हो ? यसमा हामी लामो व्याख्या दिनसक्छौं । तर, सम्झिने कुरा थोरै हुन्छन्,' सभापति थापाले भने, 'त्यसैले मतदाताका बीचमा चार वटा कुरा मात्रै भन्नुपर्छ ।'

## पहिलो- इतिहासप्रति गौरव गर्छ

पहिलो कुरा बदलिएको कांग्रेसले इतिहासप्रति गौरव गर्ने कुरा जनतासमक्ष भन्न सभापति थापाले सुझाएका छन् । 'संघर्षका ती दिनहरूलाई बडो गौरवका साथ स्मरण गरौं । त्यससँग हामीले प्रेरणा लिन्छौं,' उनले भने, 'चाहे २००७ साल होस्, चाहे २०४६ साल होस्, चाहे २०६२/६३ होस् ।' तर त्यसैमा अड्किएर नबस्ने उनले बताए ।

'जरा यसको फैलिएको छ । तर, दृष्टि भविष्यतिर छ । २०८२ को कांग्रेसले ०८४, ०८८ तिर हेर्छ । यसले भविष्यतिर हेर्छ,' सभापति थापाले भने ।

## दोस्रो-सत्ताको लागि सिद्धान्तसँग सम्झौता गर्दैन

सभापति थापाले बदलिएको कांग्रेसले सत्ता र सरकारको लागि सिद्धान्तसँग सम्झौता नगर्ने कुरा मतदातासम्म पुऱ्याउन कार्यकर्तालाई सुझाए ।

'सत्तामा टिक्नका लागि कुनै सिद्धान्तहीन नाजायज सम्झौता गर्दैन यसले,' उनले भने । बरु भुइँमा बस्ने, सरकारबाहिर बस्ने उनले बताए ।

'सिद्धान्तमा अडिएर बस्छ, पवित्र भएर बस्छ । तपाईँले बताउँने दोस्रो कुरा हो यो,' कार्यकर्तालाई उनले भने ।

## तेस्रो- भागबण्डाको राजनीति गर्दैन

बदलिएको कांग्रेसले अब चुनाव अगाडिको भागबण्डाको राजनीति मात्र नभई अर्को ठाउँमा पनि भागबण्डाको राजनीति नगर्ने कुरा बताउन सभापति थापाले कार्यकर्तालाई निर्देशन दिए । 'भागबण्डा जहाँ अवैध छ, चाहे संवैधानिक अड्डा होला, अदालत होला, कहीँ पनि भागबण्डा गर्दैन् । जहाँ पार्टी आउँदैन् भन्ने छ,' उनले भने, 'कानुनले पार्टी बर्जित भनेको छ, त्यहाँ जाँदैन । ती सबै ठाउँलाई पवित्र राख्छ । त्यो बताउनुहोला ।'

## चौथो- नैतिकता प्रदर्शन

बदलिएको कांग्रेसका प्रत्येक कार्यकर्ता खास गरी पद हासिल गर्नेहरूले उच्च नैतिकता प्रदर्शन गर्ने पनि सभापति थापाले बताए । उनले भने, 'खासगरी मन्त्री, प्रधानमन्त्री जस्ता उच्च पदमा बसेकाहरूले नैतिकता प्रदर्शन गर्नुपर्नेछ । राजनीति पेशा होइन, सेवा हो ।' राजनीति अब क्षमता र काम गरिरहेका आधारमा कांग्रेसमा मूल्यांकन हुने पनि उनले बताए । 'कांग्रेस अनुभवीको पनि हुन्छ, युवाको पनि हुन्छ,' उनले भने ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२, ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# जनकपुरधाममा अन्तर्राष्ट्रिय .....

प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मैथिली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण र संवर्द्धनका लागि यस्ता महोत्सव अत्यन्तै महत्वपूर्ण रहेको बताए ।

उनले मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषालाई कामकाजी भाषाका रूपमा स्थापित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै आगामी दिनमा भाषा-साहित्य क्षेत्रमा थप लगानी गरिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले मैथिली कला, साहित्य र सांस्कृतिक पहिचानलाई अन्तर ाष्ट्रिय स्तरमा स्थापित गर्न यस्ता अन्तर्राष्ट्रिय नाट्य महोत्सवले टेवा पुग्ने धारणा राखिन् ।

त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले स्थानीय तहले मैथिली भाषा र संस्कृतिको जगेर्नाका लागि निर न्तर कार्यक्रम सञ्चालन गरि रहेको बताए ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा सम्पन्न उद्धाटन समारोहमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम प्रसाद पट्टेल, पूर्वमन्त्री रामसरोज यादव, वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल लगायतले मैथिली भाषाको ऐतिहासिक पृष्ठभूमि, समृद्ध साहित्यिक परम्परा र वर्तमान चुनौतीबारे धारणा राखेका थिए ।



महोत्सवको मुख्य आकर्षणका रूपमा मंगलबार बिहान जनकपुरधामस्थित रंगभूमि मैदानबाट सांस्कृतिक झाँकीसहित भव्य शोभायात्रा निकालिएको थियो ।

मिथिला संस्कृतिको झल्को दिने परम्परागत पोशाक, बाजागाजा र सांस्कृतिक प्रस्तुतीले नगर वासीलाई आकर्षित गरेको थियो ।

चार दिनसम्म चल्ने महोत्सवमा नेपाल-भारतका विद्वान, साहित्यकार, कलाकार तथा सामाजिक-आर्थिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहने आयोजकले जनाएको छ ।

यसअघि कोषले २०७३, २०७५, २०७८ र २०८० मा अन्तर्राष्ट्रिय नाट्य महोत्सव आयोजना गरि सकेको छ । यसपटक २० विभिन्न विषयमा विमर्श आयोजना गरिनेछ । त्यसमा साहित्य मात्र नभई राजनीति, समाज, इतिहास र समसामयिक विषयहरू समेटिने जनाइएको छ ।

महोत्सवअन्तर्गत चित्रकला तथा मिथिला पेन्टिङ कार्यशाला, पुस्तक प्रदर्शनी, विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता, कविता वाचन, लोकनृत्य प्रतियोगिता, कवि गोष्ठी तथा पाँचवटा नाटक मञ्चन गरिनेछ ।

साथै मिथिलाका परम्परागत भोजनको स्टल र सांस्कृतिक कार्यक्रमले महोत्सवलाई थप जीवन्त बनाउने आयोजकको विश्वास छ ।

महोत्सव फागुन ८ गतेसम्म सञ्चालन हुनेछ । सबै कार्यक्रमहरू जनकपुरधामस्थित मैथिली विकास कोषको भवन परिसरमा आयोजना गरिनेछन् ।

भाषा, साहित्य र संस्कृतिको संर क्षणसँगै पर्यटन तथा स्थानीय अर्थतन्त्र प्रवर्द्धनमा समेत महोत्सवले सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

मैथिली पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्ने लक्ष्यसहित सुरु भएको यो महोत्सवले जनकपुरधामलाई सांस्कृतिक राजधानीका रूपमा थप सशक्त बनाउने विश्वास गरिएको छ ।

# १० वर्षदेखि अलपत्र पुलको....................

छिरेश्वरनाथ नगरपालिका-७, इच्छापुरस्थित जलाद नदीमा पुल निर्माणको काम अलपत्र छाड्ने पुल निर्माणको ठेक्का पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ। जसको मालिक हुन् पूर्वजनमत पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार तथा जनमत परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवार भएका किशोरी साह 'कमल' !

पुल बनाउने जिम्मा किशोरी साह 'कमल' को पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ। यो जोइन्ट भेन्चर कम्पनीका दुई साहुजीमध्ये उनी एक हुन्। मिथिलामध्यमा परिक्रमा सडकखण्डसँग जोडिएको जलाद नदीमा पुल निर्माणमा ढिलाइ हुँदा इच्छापुर, दिगम्बरपुर, पर्वता, उमाप्रेमपुरलगायत दर्जनौं गाउँका बासिन्दा समस्या भोग्दै आएका छन्। वर्षायाममा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको जनमत पार्टीका नेता अमृत महतो बताउँछन्। उनले भने, 'पुल नबन्दा हरेक वर्ष वर्षायाममा नदीले बगाएर सर्वसाधारणले ज्यान गुमाउने गरेको र आउन जान सास्ती खेप्नु परेको छ।'

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार २०७६ पुस १९ गते पुलको काम सम्पन्न गर्ने गरी २०७४ असार १९ गते ठेक्का दिइएको थियो। पुलको लम्बाइ १ सय २० मिटर र चौडाइ ११ मिटर छ। निर्माण कम्पनीले १२ करोड ३५ लाख ६३ हजार २ सय २४ रुपैयाँमा निर्माणको जिम्मा पाएको हो। ठेक्काको समयसीमा नाघेपछि २०८० साल असार मसान्तसम्म म्याद थप गरेको थियो। म्याद थप गरिए पनि निर्माण कम्पनीले हालसम्म पुल निर्माणको कामलाई अगाडि बढाएको छैन। यसैगरी काम सम्पन्न हुन नसक्दा २०८२ मसान्तसम्म तेस्रोपटक म्याद थप गरिएको डिभिजन कार्यालय जनकपुरका सीडीई दारोगा प्रसादले जानकारी दिए। पुल निर्माणको ठेक्का पाएको पप्पु कमल जेभी निर्माण कम्पनीका तत्कालीन समयका मालिक किशोरी साह 'कमल' थिए। उनी प्रतिनिधिसभा निर्वाचन २०७४ मा नेकपाबाट प्रदेशसभामा निर्वाचित भएका थिए। निर्वाचनअघि उनले आफ्नो नामको कम्पनी अन्य व्यक्तिको नाममा स्थानान्तरण गरेका थिए। हाल जलाद खोला पुलको अख्तियारी सञ्जीव साह भन्ने नातेदारलाई अख्तियारी दिएर काम गराइरहेका छन्।

डिभिजन सडक कार्यालय जनकपुरका प्रमुख सीडीई दारोगा प्रसादका अनुसार विगतमा ठेकेदारको लापरबाहीले पुल निर्माणको काममा ढिलाइ भएको हो। उनले भने, 'पुरानो फाइल हेर्दा पटक-पटक ताकेता गरेको देखिन्छ। तर, ठेकेदार कम्पनीले पुल निर्माणमा सक्रियता नदेखाएको पाइएको छ। तर, म आएपछि काममा तीव्रता पाएको छ।' हाल पुल निर्माणको प्रगति ७५ प्रतिशतको दाबी गरिए पनि दुईवटा स्पामको काम पनि पूर्ण हुन सकेको छैन। ठेक्का सकार गरेको अढाई वर्षमा बन्नुपर्ने पुल सात वर्षमा पनि नबनेपछि स्थानीयले तत्काल पुल निर्माणको माग गर्दै पटक-पटक दबाबका कार्यक्रम गर्दै आएका छन्। २०८० माघ ३ गते तत्कालीन सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख अरुणकुमार लाल कर्णको अध्यक्षतामा बसेको बैठकले २०८१ जेठ मसान्तभित्र निर्माण सम्पन्न गर्ने काम अगाडि बढाउने सहमति भएको थियो। द्विपक्षीय सम्झौतामा दोस्रो स्पान २०८० फागुन १० भित्र, तेस्रो (अन्तिम) स्पान २०८० जेठ मसान्तभित्र सम्पन्न गर्ने उल्लेख छ। त्यसैगरी, २०८१ असार मसान्तभित्र यातायात सञ्चालन हुने गरी माटो तथा ग्राभेलको काम सम्पन्न हुनेगरी सम्झौता भएको थियो।

तर, सम्झौता कागजको खोस्टामा सीमित भएको नेपाली कम्युनिस्ट पार्टीका नेता शिवशंकर महतोको भनाइ छ। उनले भने, 'सम्झौता त भयो तर कार्यान्वयन भएन। हालसम्म पनि ६५ प्रतिशत जति काम भएको छ। हामी भुइँमान्छेको आवाज कसैले सुनिदिएन। एमालेका नेता तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, तत्कालीन एकीकृत समाजवादी नेता भौतिक पूर्वाधारमन्त्री किसान श्रेष्ठलगायत नेता आएर आश्वासन दिए पनि काम भएन।

-अन्नपूर्णापोष्ट

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस्।
फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस्।
प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस्।
पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस्।
आफ्नो घर र आँगन सफा राख्नुहोस्।
लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस्।
एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस्।
आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा।
हाम्रो सहर, राम्रो सहरः सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !
औरही नगरपालिका,
महोत्तरी

पहुँच सहभागिता विश्वास
चुनावी अभियानका लागि
Digital Partner.
उम्मेदवारीका एजेन्डालाई सार्वजनिक र सरल रूपमा
जनतासम्म पुर्याउन अनलाइन
प्रचार-प्रसार
गर्न आजै सम्पर्क गर्नुहोस्, हामी आकर्षक प्याकेज उपलब्ध गराउनेछौं ।
रुपान्तरण मिडिया प्रा. लि.
रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज
रुपान्तरण अनलाईन
Radio Rupantaran
www.rupantaranonline.com
रुपान्तरण अनलाइन
सम्पर्क : ९७०८२०५५२२, ९८०४८५२६९६, ९८४४०३९८५६, ९८४४०२५१८४

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

# नीतिगत सुधारका लागि युवाहरूको संयुक्त माग मुख्यमन्त्रीलाई हस्तान्तरण




**खबर दर्पण समाचारदाता**

**फागुन ५ गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई युवाहरूको साझा मागपत्र हस्तान्तरण गरिएको छ। सोमबार जनकपुरधाममा मुख्यमन्त्रीसँग भेट गर्दै युवाहरूको संस्था कायापलट द्वारा मागपत्र बुझाइएको हो । जेन-जी आन्दोलनपछि युवाहरूबीच गरिएको छलफल र बहसबाट संकलित मागहरू प्रदेश सरकारलाई कार्यान्वयन गर्नका लागि सुझाब स्वरुप बुझाएका हुन् ।

युवाका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको कायापलटले मुख्यमन्त्रीसँग भेटका क्रममा युवाका मागहरू नीतिगत सुधार र प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुनुपर्ने विषय उठाएको थियो । साथै, युवाहरूका लागि राज्यले आवश्यकता र अपेक्षाअनुसार कार्यक्रम तथा नीतिहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने सुझाव दिएका थिए।

कायापलटका संस्थापक तथा कार्यकारी निर्देशक दिवाकर उप्रेतीले युवाहरूले राज्यबाट ठूलो संरचनात्मक परिवर्तनभन्दा पनि मौलिक अधिकार र आधारभूत आवश्यकताहरूको सुनिश्चितता अपेक्षा गरेको बताए। उनका अनुसार युवाहरूले शिक्षामा प्रविधिमैत्री विकास, सार्वजनिक सेवा प्रवाहलाई थप छरितो र प्रभावकारी बनाउने, तथा सेवाहरूलाई प्रविधिसँग जोड्ने विषयमा विशेष जोड दिएका छन्।

यसैगरी, युवाहरूका मागहरू एकीकृत गर्न कायापलटले साझेदारी युवा सञ्जालको निर्माणसँगै मधेश प्रदेशका आठै जिल्लामा प्रदेश तथा जिल्ला स्तरमा छलफल र कार्यशाला आयोजना गरेको जनाएको छ। करिब तीन महिनाभन्दा बढी समय युवाहरूसँग प्रत्यक्ष संवाद र सहकार्य गर्दै मागपत्र तयार गरिएको उप्रेतीले बताए ।

# एमालेका मधेस प्रदेश सदस्य यादव राश्वपामा प्रवेश गरे



**खबर दर्पण समाचारदाता**

**फागुन ५ गते, बर्दिवास**

नेकपा एमाले मधेस प्रदेश कमिटी सदस्य तथा नेपाल उद्योग तथा व्यवसायी महासंघका केन्द्रीय सचिव रहेका सरोज यादवले पार्टी परित्याग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

यादवले सामाजिक सञ्जाल फेसबुकमार्फत विज्ञप्ति सार्वजनिक गर्दै आफू नेकपा एमालेबाट अलग भएको जानकारी दिएका हुन्। महोत्तरीको औरही नगरपालिका-२ औरही स्थायी घर भएका यादव अनेरास्ववियुका पूर्व केन्द्रीय सचिवसमेत हुन्।

उनले भने नेकपा एमालेभित्र नेताहरूको व्यवहार,कार्यशैली र राजनीतिक एजेण्डामा नयाँपन नदेखिएको उल्लेख गरेका छन्। आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको,निर्णय प्रक्रियामा सीमित व्यक्तिको वर्चस्व बढेको तथा पुरानै सोच र शैली हाबी भएपछि पार्टी परित्याग गर्नुपरेको उनको भनाइ छ।

यादवले भनेका छन्,“पार्टीमा प्रवेश गर्दा प्रशंसा गर्ने र पार्टी छाड्दा गाली गर्ने प्रवृत्ति उचित होइन।

सिद्धान्त,विधि र व्यवहारमा सुधार नआएपछि त्याग गर्नु बाहेक विकल्प रहेन।”यसैबीच, उनी धनुषाको जनकपुरधामस्थित उद्योग वाणिज्य संघको सभाहलमा आयोजित पार्टी प्रवेश कार्यक्रममा रास्वपामा सहभागी भएका हुन्। कार्यक्रममा रास्वपाका पार्टी प्रवक्ता तथा धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का उम्मेदवार मनिष झाले यादवलाई अबिर लगाई पार्टीको ब्याच प्रदान गर्दै स्वागत गरे।

पार्टी प्रवेश कार्यक्रममा बोल्दै यादवले देशमा पुरानै शैलीको राजनीति जनताले अस्वीकार गरिसकेको बताएका छन्। उनले पारदर्शिता,जवाफदेहिता र विधिमा आधारित राजनीतिक अभ्यासको आवश्यकता औंल्याउँदै मधेसका किसान,व्यवसायी र युवाका मुद्दालाई प्रभावकारी रूपमा उठाउन रास्वपामार्फत सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,